# नगरप्रमुख श्री जयबहादुर धामीले बुंगल नगरपालिकाको नगरसभामा प्रस्तुत गर्नुभएको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धि बक्तब्य

बुङ्गल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खिरापाटी, बझाङ्ग

२०८३ असार १०

**यस नगर सभाका सदस्यज्यूहरु,**

बुङ्गल नगरपालिकाको स्थानीय सरकारको तर्फबाट यस गरिमामय नगरसभामा आ.व. २०८३/०८४को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवावित छु । यस सुअवसरमा म नेपालको नागरिक सर्वोच्चता, स्वतन्त्रता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि, सुशासन, भ्रष्टाचार नियन्त्रण र अग्रगमनका लागि बिभिन्न समयमा भएका ऐतिहासिक न्यायपूर्ण आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञान-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख आर्थिक-सामाजिक प्रणालीका साथै नेपाल सरकारले तय गरेको **समृद्ध नेपाल र सुखी नेपाली**को राष्ट्रिय लक्ष्य प्राप्तिका लागि बुंङ्गल नगरपालिकाले अंगिकार गरेको "**कृषि उर्जा र पूर्वाधार बुंङ्गल समृद्धिको आधार**" को दीर्घकालीन सोच पूरा गर्न प्रतिवद्ध रहेको कुरा जानकारी गराउन चाहान्छु।

**बिद्यमान परिबेशः**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थतन्त्र पूनः रुस युक्रेन युद्ध, मध्य पूर्व युद्ध र सोबाट विश्व आपूर्ति श्रृङ्खलामा आएको सङ्कुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघ र प्रदेश सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेकोछ ।

विकेन्द्रित शासनको उत्कृष्ट प्रणालीको रूपमा रहेको संघीयताको मर्म बमोजिम नागरिक निकटको स्थानीय सरकारको सक्षमताबाट मात्रै नागरिकका इच्छा तथा आकांक्षा सम्बोधन हुने र नागरिक संलग्नताले सार्थकता कायम हुने विषय निर्विवाद नै छ । भदौ २३ र २४ गतेमा भएको जेन्जी पुस्ताको आन्दोलन र पछिल्लो समयमा देखिएको युवा पुस्ताको नयाँ विचार, आधुनिक आवश्यकता र परिवर्तनको चाहनाले बिकासका कार्यहरु संचालन गर्दा युवापुस्ता तथा आम नागरिकसँगै सरकार रहेको अनुभूत गराउने गरी अगाडी बढ्नुपर्ने बलियो सन्देश दिएको छ।

नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लीने प्रक्रियामा रहँदा हरेक दिन ठुलो संख्यामा युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर बिदेशिनु पर्ने चिन्ताजनक अवस्था छ । आन्तरिक र बाह्य बसाईसराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उत्पादनशील खेतवारी बाँझो हुन पुगेको छ। यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

प्रस्तुत नीति तथा कार्यक्रम देहायका आधारहरुमा आधारित रही तर्जुमा गरिएको छः

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सोह्रौ योजना
- दिगो विकासका लक्ष्य (SDGS)

- ❖ नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम
- ❖ बुंगल नगरपालिकाको आवधिक योजना
- ❖ स्थानीय आवश्यकता तथा नागरिक सुझाव
- ❖ जलवायू परिवर्तन, विपद जोखिम न्यूनिकरण तथा समावेशी विकासका सिद्धान्त

**नगरसभाका सदस्यहरु,**

**अव म चालु आर्थिक वर्ष २०८२/०८३को हालसम्मका प्रमुख उपलब्धिहरु पेश गर्न चाहान्छु।**

**भौतिक उपलब्धिः**

१. प्रदेश विशेष अन्तर्गतका खिरातडी सिंचाई तथा खानेपानी मुहान संरक्षण र धिमाली बस्ती पहिरो नियन्त्रण योजनाहरु ठेक्का मार्फत काम सम्पन्न भैसकेको छ । तीन ओटा वडा कार्यालय र एक ओटा आधारभूत स्वास्थ्य केन्द्र गरी चार वटा कार्यालय भवनहरु निर्माण सम्पन्न गरिएकोछ ।राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पाँच ओटा बिद्यालय भवनहरु निर्माणाधिन अवस्थामा छन्

२. पन्ध्र सैय्याको अस्पताल भवनको निर्माण कार्य सम्पन्न भएको छ । प्रदेश समपुरक अन्तर्गत पिपलकोट स्वास्थ्य चौकी भवनको निर्माण कार्य संचालनमा छ । संघीय समपुरक अन्तर्गतको नगरपालिका भवनको ठेक्का मुल्यांकन प्रकृयामा रहेको छ ।

३. उपभोक्ता समितिबाट संचालन हुने योजनाहरु करीव ९०% जति सम्पन्न भैसकेका छन् । खानेपानी निर्माण तथा मर्मत, सडक बाटो पुलपुलेसा निर्माण तथा मर्मत, सार्वजनिक भवनहरु निर्माण तथा मर्मत, सिचाई नहर निर्माण तथा मर्मत र सामाजिक तथा धार्मिक संरचनाहरु जस्तै मठ मन्दिर, चौताराहरु, कुवा, इनार आदि जस्ता कार्यहरु

उपभोक्ता समितिबाट निर्माण गरिएको छ ।नगर भित्रका सबै सडकहरुको मर्मत सम्भार कार्यलाई निरन्तरता दिईएको छ।

**आर्थिक सामाजिक उपलब्धि**

४. यस नगरपालिका भित्र पहाडी क्षेत्र काष्ठ फल तथा फलफूल आयोजना मार्फत ६ ओटा सुन्तला बगैंचा र १४ ओटा ओखर बगैंचा स्थापना गरिएको छ ।

५. लैङ्गिक हिंसा विरुद्व १६ दिने अभियान बुङ्गल नगरपालिकाका १ देखी ११ वटै वडाहरुमा सम्पन्न गरिएको छ।

६. बालविबाह न्यूनिकरण तथा मनोसामाजिक समस्या सम्बन्धि अन्तरक्रिया कार्यक्रम बुङ्गल नगरपालिकाका १४ वटै माध्यामिक विध्यालयहरुमा सम्पन्न गरिएकोछ ।

७. बुङ्गल नगरपालिका १ देखी ११ वटै वडाहरुमा ६० वर्ष माथीका महिला १४४५ र पुरुष ९४५ गरी जम्मा २३९९ जनालाई जेष्ठनागरिक परिचय पत्र वितरण गरिएकोछ ।

८. अपाङ्गता भएका व्याक्तिहरुलाई अपाङ्ग समन्वय समितिको बैठक वसि क बर्गका ५ जना ख बर्ग ३ जना ग वर्गका ३ जना र घ वर्गका २ जना गरी जम्मा १३ जना लाई परिचय पत्र वितरण गरिएकोछ ।

९. बुङ्गल नगरपालिकाका १ देखी ११ वडामा अन्तराष्ट्रिय महिला दिवस सञ्चालन गरियोकोछ । १ देखी ११ वडामा महिला समुह गठन गरिएकोछ ।

१०. महिलाहरुको सिप तथा क्षमता विकासका लागी ११ वटै वडाका २२ जना महिला हरुलाई अगरवत्ती बनाउने तालिम सम्पन्न गरिएकोछ ।बुङ्गल नगरपालिकामा नगर स्तरीय किशोरकिशोरी सञ्जाल गठन गरिएकोछ ।

११. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा ५६७४ जनाको अनलाईन मार्फत श्रवण १ गते देखि भाद्र मसान्त सम्म नविकरण कार्य सम्पन्न गरिएकोछ ।

१२. पहिलो त्रैमासिकमा जम्मा ५७११ जाना लाभग्राहिहरुलाई रु ३ करोड ४४ लाख ३५ हजार ६ सय ८२ रकम, दोस्रो त्रैमासिकमा जम्मा ५६७८ जाना लाभग्राहिहरुलाई रु ३ करोड ४३ लाख ६१ हजार ८ सय ४३ रकम, तेस्रो त्रैमासिकमा जम्मा ५६०६ जाना लाभग्राहिहरुलाई रु ३ करोड ४० लाख २९ हजार ५ सय ५८ रकम, चौथो त्रैमासिकमा जम्मा ५५१९ जाना लाभग्राहिहरुलाई रु ३ करोड ४४ लाख ३५ हजार ६ सय ८२ रकम बराबरको सामाजिक सुरक्षा भत्ता वितरण गरिएकोछ ।

१३. बुङ्गल नगरपालिका सम्पूर्ण वडाहरुमा १४०१ जनाको जन्मदर्ता, १०८२ जनाको मृत्यु दर्ता, ३७५ जनाको विवाह दर्ता, १५ घरधुरिका ४२ जना सदस्यहरु बसाइसरी आएका दर्ता, ८८ घरधुरिमा २८३ जना सदस्यहरु बसाइसरी गएका दर्ता गरिएकोछ ।

**संस्थागत उपलब्धिः**

१४. नगरको दीर्घकालीन शैक्षिक मार्गचित्र तय गर्न 'नगर शिक्षा योजना' सफलतापूर्वक निर्माण गरिएको छ। साथै, विद्यालय स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनमा एकरूपता ल्याउन र गुणस्तर मापन गर्न कक्षा ४ देखि ९ सम्मको परीक्षालाई एकीकृत रूपमा व्यवस्थित गरिएको छ।

१५. शिक्षण सिकाइलाई बालमैत्री र प्रविधिमैत्री बनाउन २ दिने बाल विकास शिक्षक तालिम, ४ दिने कस्टमाइज्ड एकीकृत पाठ्यक्रम तालिम र ५ दिने IEMIS (एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली)

सम्बन्धी क्षमता विकास तालिम सबै विद्यालयका लागि (प्रति विद्यालय १ जना शिक्षकका दरले) सफलतापूर्वक सञ्चालन गरिएको छ।

१६. विद्यालयहरूमा विद्यार्थीको नियमितता र पोषणस्तर सुधार्न 'विद्यालय दिवाखाजा कार्यक्रम' लाई व्यवस्थित गरिएको छ र शैक्षिक तथा प्रशासनिक सुधारका लागि नियमित 'विद्यालय अनुगमन तथा निरीक्षण' कार्य सम्पन्न गरिएको छ र विद्यालयहरूमा जाने त्रैमासिक तथा वार्षिक निकासाको प्रतिवेदन समयमै तयार गरी आर्थिक प्रशासन (लेखा) शाखामा पेश गरिएको छ, जसले गर्दा वित्तीय उत्तरदायित्व सुनिश्चित भएको छ।

१७. IEMIS प्रणालीमा विद्यालय तथा विद्यार्थीहरूको विवरण पूर्ण रूपमा प्रमाणीकरण (Verification) गरिएको छ। साथै, जेहेन्दार तथा विपन्न लक्षित छात्रवृत्तिका लागि कक्षा ७ र १० का १४८ जना विद्यार्थीहरूको विवरण पारदर्शी रूपमा तयार गरिएको छ।

१८. IEMIS प्रणालीमा विद्यालयहरूको भौतिक अवस्थाको सही विवरण अध्यावधिक गरिएका कारण शैक्षीक सुधार अनुदान सहयोगबाट नगरभित्र ४ वटा ४-कोठे भवन र १ वटा २-कोठे भवन पार्न यो शाखा सफल भएको छ।

१९. यस बुंगल नगरपालिकाले चालु आर्थिक वर्ष बिभिन्न पशु चौपायामा कृत्रिम गर्भाधारण, पशु तथा पन्छिमा पि.पि.आर. रोग, पशु चौपायामा एफ.एम.डि. रोग र कुकुर विरालोमा रेविज रोग बिरुद्धको खोप कार्यक्रम संचालन गरिएको छ।

२०. न्यायिक समितिमा आएका २ ओटा जग्गा सम्बन्धी, १ ओटा गालिगलौच सम्बन्धी, १ ओटा सडक सम्बन्धी र १ ओटा ज्याला नदिएको सम्बन्धी बिवाद मध्ये ज्याला नदिएको १ ओटा विवाद

बाहेक समितिबाट मेलमिलापको माध्यम बाट विवाद समाधान गरिएको छ ।

**नगरसभाका सदस्यहरु,**

**अब म बुङ्गल नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पेश गर्न चाहान्छु।**

**क्षेत्रगत नीति तथा कार्यक्रमहरु**

२१. फलफूल तथा तरकारीमा आत्मनिर्भर हुनका साथै आर्थिक उन्नतिका लागि एक वडा एक फलफूल तथा तरकारी पकेट क्षेत्र स्थापना गरिनेछ।

२२. उत्पादन गरेका कृषि उपज संकलन गर्न संकलन तथा बिक्री बितरण केन्द्र, कोल्ड स्टोर र हाट बजारको व्यवस्था मार्फत कृषि उत्पादनलाई प्रत्यक्ष बजारको पहुँच सम्म पुर्याइने छ।

२३. रैथाने बालीको संरक्षण एवं प्रवद्धन गरिनेछ।एक घर करेशावारी र घरबगैचा कार्यक्रम सञ्चालन गरिने छ ।

२४. उत्कृष्ट कृषकहरुलाई पुरस्कारको व्यवस्था तथा सम्मान कार्यक्रम गरिनेछ।

२५. बाली संरक्षण लागि शिविर कार्यक्रम सञ्चालन गरिनेछ।कृषि उत्पादन प्रणालीलाई सहयोग पुग्ने गरी कृषि मेला प्रदर्शनी, कृषक दिवस आदि कार्यक्रम सञ्चालन गरिने छ।

२६. किसानको माग र उत्पादनको आधारमा अनुदान कार्यक्रम सञ्चालन गरिने छ।

२७. कृषिलाई व्यवसायिक आधुनिक र प्रतिशप्रर्धि बनाउनका लागि कृषि औजार (हाते ट्राक्टर, थ्रेसर) सामग्री तथा मल बीउ बिजनको व्यवस्था गरिने छ।

२८. कृषि क्षेत्रको जोखिम व्यवस्थापनका लागि कृषि बिमा प्रबद्धन विपद राहात तथा क्षतिपुर्ति कार्यक्रम सञ्चालन गरिने छ।

२९. जलवायु मैत्री कृषि कार्यलाई बढवा दिनका लागि थोपा सिँचाइ प्रविधि, प्लाष्टिक पोखरी निर्माण गरिनेछ। व्यवसायिक रुपमा सामूहिक तरकारी खेती गर्न आउने कृषकलाई सामान्य निवेदन र स्थलगत अध्ययनका आधारमा अनुदान र प्राविधिक सेवा प्रदान गरिनेछ।

३०. निश्चित मापदण्डका आधारमा तोकिएको परिणाममा उत्पादन गर्ने किसानको कृषि उपज खपतको ग्यारण्टी नगरपालिकाले लिने संयन्त्र निर्माण गरिनेछ। बिक्रि हुन नसकेको कृषि उपजमा स्थानीय सरकारले न्यूनतम समर्थन मूल्य तोकी खरिद गर्ने मापदण्ड तयार गरिने छ।

३१. बाझो जमिनमा फलफूल खेती अलैची तथा वेसारजन्य खेती गर्न अभिप्रेरित गरिने छ। सामूहिक वन, कुवलियत वन, सडक किनार, खोल्सा-खोल्सीहरुमा डालेघाँस तथा भुईघाँस खेती गरी कृषकहरुलाई पशुपालन व्यवसायमा आकर्षित गरिनेछ।

३२. व्यवसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषकहरुलाई प्रोत्साहन गरी उत्पादन वृद्धि गर्न कृषकहरुको उत्पादनमा आधारित अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ।

३३. उन्नत जातका पशुपालन गर्ने किसानलाई अनुदान प्रदान गरिने छ।

३४. पशुमा लाग्ने आन्तरिक तथा बाह्य परजिवी नियन्त्रणका लागि कृषक घरभेट कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३५. कृषि तथा पशु विमा कार्यक्रमलाइ थप प्रोत्साहित र प्रभावकारी बनाइने छ।

३६. स्थानीय नदी खोलामा जथाभावी विषादी प्रयोग गरी माछा मार्ने कार्यमा संलग्न व्पक्तिलाई कानून अनुसार कार्वाही गरिने छ।

३७. एउटै उदेश्य रहेका सहकारीहरुलाई मर्ज गरिने छ । नियम विपरितका सहकारीहरु खारेज गरिने छ।

३८. कृषि तथ्याङ्क अद्यावधि तथा किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३९. स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गर्दै डेरी उद्योग, चप्पल उद्योग, साबुन उद्योग, अल्लो प्रशोधन तथा आलु चिप्स उत्पादनजस्ता साना तथा मझौला उद्योग प्रवर्द्धनका लागि सिपमूलक तालिमहरू सञ्चालन गरिनेछ।

४०. वैदेशिक रोजगारीमा जाने नागरिकहरूको अधिकार संरक्षण गर्दै सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारी सुनिश्चित गर्न आवश्यक सूचना, परामर्श तथा सहजीकरण सेवा प्रदान गरिनेछ।

४१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप, अनुभव र पूँजीलाई सदुपयोग गर्दै उनीहरूलाई स्वदेशमै उद्यमशील बनाउन सिपमूलक तथा उद्यम विकाससम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ।

४२. रोजगार कार्यक्रमहरू सञ्चालन गर्दा आवश्यक निर्माण सामग्री, अन्य स्रोतसाधन, दक्ष कामदारको पारिश्रमिक तथा अनुगमन–व्यवस्थापन खर्च नगरपालिकाबाट व्यवस्थित गरी योजनाहरूलाई प्रभावकारी रूपमा साझेदारीमा सञ्चालन गरिनेछ।

४३. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सहायताका लागि स्थानीय तहले सञ्चालित विकास साझेदार मुलुक तथा संस्थाको सहयोगमा सञ्चालित कार्यक्रमहरुको कार्यान्वयन र सहकारी सम्बन्धि कार्यक्रम सञ्चालन गरिने छ।

४४. नगरपालिका भित्र रोजगारीका सम्भावनाहरुको अध्ययन गरी रोजगार सिर्जना गर्नकालागि स्थानीय तहको ऐन तथा कार्यबिधि तयार गरिने छ ।

४५. रोजगार कार्यक्रम सञ्चालनका लागि आयोजना हरु सञ्चालन गर्दा निर्माण समाग्री अन्य समाग्री, दक्ष कामदारको ज्याला र अनुगमन ब्यबस्थापन खर्च बाफतको रकम नगरपालिकाले ब्यबस्थापन गरी सम्पूर्ण योजनाहरु साझेदारीमा सञ्चालन गरी कम्तिमा १०० दिन बराबरको रोजगारी दिइनेछ ।

४६. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सेवा प्रवाह सम्बन्धी क्रियाकलाप गरिनेछन साथै श्रम स्वीकृतिलाई निरन्तरता दिइनेछ।

४७. नगरपालिकाको समग्र आर्थिक विकासका लागि उत्पादनमा आधारित साना तथा मझौला उद्योगहरु व्यवसाय स्थापना गरि सिपयुक्त मानवपुजी विकास गरी रोजगारी सिर्जना गर्ने र नागरिकलाई आत्मनिर्भर बनाउने विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । स्थानीय कच्चा पदार्थमा आधारित लघु धरेलु तथा साना उद्योगलाई प्राथमिकता दिइनेछ।

४८. स्थानीय स्तरमा रहेका कच्चा पदार्थको प्रयोग गरी डेरी, साबुन, बासँ निगालाको सामाग्री बनाउने जडिबुटी प्रशोधन केन्द्र फर्निचर उद्योग सञ्चालन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४९. नगरपालिका क्षेत्र भित्र रहेका सबै खानेपानीका मुहानहरुको पानी परिक्षण गर्ने कार्य अघि बढाइने छ ।

५०. सुरक्षित र खानेपानी युक्त समुदाय घोषणा कार्यक्रमलाइ अगाडी बढाइनेछ।

५१. नगर तथा वडा स्तरमा पूर्ण सरसपाई अभियान सञ्चालन गरिने छ।

५२. नगरपालिकाका विभिन्न होटल तथा नास्ता पसलमा गुणस्तरिय तथा शुद्ध खानेपानीका लागि स्वयं होटल धनीले अनिवार्य रुपमा फिल्टर वा उमालेको पानी राख्नु पर्ने नीतिलाइ प्रभावकारी ढंगले लागू गरिनेछ।

५३. नगरपालिका भरिका बजार क्षेत्र (खासगरी विजगडा झापा र कफलसेरी बजार) मा कुहिने र नकुहिने फोहर संकलनका लागि डस्टविनहरु राखिने छ भने डम्पिङ्ग साइट निर्माणको लागि आवश्यक पहल गरिने छ।

५४. एक घर एक धारा अभियानलाई सूचारु गरी नगर भित्रका सबै जनताहरुलाई सुरक्षित र स्वच्छ खानेपानीको पहुँचमा पुऱ्याइने छ।

५५. ऐतिहासिक महत्वका पुराना ढुंङ्गेधाराहरुको मर्मत सम्भार र पुनः निर्माण गरिनेछ।

५६. स्थानीय तहभित्र निर्माण हुने सम्पूर्ण आवासीय, व्यावसायिक तथा संस्थागत भवनहरूलाई आधुनिक सूचना प्रविधिमा आधारित विद्युतीय घर नक्सा पास प्रणाली Electronic Building Permit System (eBPS) मार्फत व्यवस्थित गर्दै भवनको स्वामित्व, उपयोग, संरचनागत अवस्था तथा कर विवरणलाई वैज्ञानिक ढङ्गले अभिलेखबद्ध गरी सुरक्षित तथा व्यवस्थित बस्ती विकासको आधार निर्माण गरिनेछ । विद्युतीय नक्सा पास प्रणालीका सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

५७. एकीकृत सहरी विकास योजना र भूउपयोग योजनाले निर्देश गरेका स्थान बाहेक जथाभावी घर निर्माणलाई निरुत्साहित गरिनेछ साथै भवन संहिताको पूर्ण पालना गरी भूकम्प प्रतिरोधी घर/भवन निर्माण गर्न प्रोत्साहित गरिनेछ । नगरपालिका स्थापना हुनु पूर्व नै निर्माण भएका भवनहरुलाई नियमन गर्न घर नक्सा अभिलेखिकरण गरिनेछ।

५८. नगर क्षेत्रभित्रका सडकहरूको व्यवस्थित तथा दिगो विकास सुनिश्चित गर्न नगर सडक व्यवस्थापन योजना (Municipal Transport Master Plan– MTMP) निर्माण गरी सो को प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सडक सञ्जालको स्तरोन्नति, पहुँच विस्तार तथा सुरक्षित आवागमन व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइनेछ । नगरभित्रका

मुख्य, सहायक तथा शाखा सडकहरूको वर्गीकरण, मापदण्ड निर्धारण, प्राथमिकता क्रम तथा चरणबद्ध विकास योजना तयार गरी सडक पूर्वाधार निर्माण, मर्मतसम्भार तथा स्तरोन्नतिलाई योजनाबद्ध र वैज्ञानिक आधारमा कार्यान्वयन गरिनेछ ।

५९. सडकजन्यजोखिम न्यूनीकरण र सुन्दर सहर निर्माण गर्ने उद्देश्यले विगतका वर्षदेखि सञ्चालनमा रहेको नगर क्षेत्रभित्रका सडक चोक तथा सार्वजनिक स्थलमा सडकबत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ । जडित बत्तीको नियमित संचालनको सुनिश्चितता गरिनेछ ।

६०. समयमै पूर्वाधार निर्माणको कार्य सम्पन्न नहुने समस्या समाधानका लागि ठूला र दीर्घकालीन महत्त्वका पूर्वाधार निर्माणलाई प्राथमिकता दिई तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्नैपर्ने संस्थागत संरचना र कार्यगत जिम्मेवारी प्रदान गरिनेछ। तोकिएको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने नीति लिनेछ।

६१. बस्ती स्तरबाट छनोट भएका योजना कार्यक्रमहरूको प्राथमिकता निर्धारण गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रतक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, स्थानीय स्रोत साधन र सिपको अधिकतम प्रयोग हुने, महिला वालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रतेक्ष लाभ पुग्ने, वातावरण मैत्री र जनसहभागितामा आधारित योजना तथा कार्यक्रमहरू तर्जुमा गरिनेछ।

६२. बुंगल नगरपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र विकास गरिनेछ। स्थानीय संस्कार, संस्कृति, भाषा, भेषभूषा तथा मौलिक परम्पराको संरक्षण गरिनेछ।

६३. पर्यटन सम्भावित क्षेत्रहरूको पहिचान गरी पूर्वाधार विकास, प्रचारप्रसार तथा होमस्टे कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटन व्यवसायलाई स्थानीय आयआर्जन र रोजगारीसँग आवद्ध गरिनेछ।

६४. स्थानीय विकास, सामाजिक एकता, सरसफाइ, पूर्वाधार संरक्षण, विपद् व्यवस्थापन, सामाजिक उत्तरदायित्व मजबुत बनाउदै स्थानीय योजना तर्जुमा तथा कार्यान्वयनमा जनसहभागिता सुनिश्चित गर्न प्रत्येक वडामा टोल विकास संस्था गठन तथा दर्ता गरिनेछ । वडास्तरीय योजना तर्जुमा प्रक्रियामा टोल विकास संस्थाको अनिवार्य सहभागिता गराइनेछ ।

६५. नगरपालिका भित्र सञ्चलन हुने सार्वजनिक यातायातहरुको रुट निर्धारण र भाडादर कायम गर्न क्रियाशिल बस जिप अटो व्यवसायसँग समन्वय गरि स्थानीय भाडादर कायम गरिनेछ।

६६. नयाँ निर्माण हुने सार्वजनिक भौतिक संरचनाहरुलाई भुकम्प प्रतिरोधी, बालमैत्री, अपाङ्गमैत्री, जेष्ठनागरिक मैत्री, लैङ्गिक मैत्रि तथा वातावरणमैत्रि बनाइनेछ।

६७. मुख्य बजार क्षेत्रलाई शहरीकरण गर्ने र बस्ति एकिकृत गर्नका लागि जग्गा एकिकरण (LAND POOLING) को नीति अवलम्बन गरिनेछ।

६८. वडामा सञ्चालित रु ५ लाख भन्दा कम रकमका योजना वडा स्तरीय अनुगमन समिति र रु ५ लाख भन्दा बढी रकमका योजना नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरिनुपर्ने परिपाटीलाई व्यवस्थित गरी अनुगमन तथा मुल्याङ्क प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

६९. सबै किसिमका वनहरुमा वन अतिक्रमण, बढ्दो डढेलो तथा आगलागी रोकथाम एंव नियन्त्रण गर्न वन कार्यालय र वन उपभोक्ता

समितिहरुसँग समन्वय गरी आवश्यक जनचेतनामुलक कार्यक्रम लागू गरिनेछ।

७०. **"हरियाली वन स्थानीय जनताको धन"** भन्ने नाराका साथ सामुदायिक वन, कबुलियत वन, निजी बन, बाझो तथा खाली रहेको क्षेत्रमा महत्वपूर्ण र बहुमूल्य रुख बिरुवा, गैरकाष्ठ वनपैदावार तथा जडिबुटीको बृहत खेति एवम् वृक्षारोपण गरी वनलाई आय आर्जनसँग जोड्ने गरी वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

७१. साझेदार संस्थाहरुको सहकार्यमा विपद् प्रभावित क्षेत्रहरुमा पुर्वसूचना प्रणाली स्थापना गरिनेछ । प्रत्येक वडाहरुमा सामुदायिक विपद् व्यवस्थापन समिति र विपद् प्रतिकार्य टोली गठन गरी आवश्यकता अनुसार परिचालन गरिनेछ। विपद् व्यवस्थापन सम्बन्धि जनचेतनामूलक कार्यक्रम, क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

७२. स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र (LEOC) लाई कानूनी रुप दिइ आवश्यक जनशक्ति तथा सामग्रिहरुको व्यवस्थापन गरिनेछ। नगर विपद् व्यवस्थापन कोष परिचालन गरी राहात मापदण्ड अनुसार राहत वितरण प्रभावकारी बनाइनेछ।

७३. सेवा प्रवाहलाई छिटो, छरितो, गुणस्तरिय तथा प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुलाई तालिमको व्यवस्था गरिनेछ।

७४. भष्ट्राचार र अनियमितताको लागि शुन्य शहनशिलतालाई कडाईकासाथ लागू गरिनेछ। नियमितरुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण गरी नगरपालिकाले कार्यान्वयन गरेका कामहरुको समिक्षा गरिनेछ।

७५. करारमा कार्यरत एकै तहमा कर्मचारीहरुको तलबमा रहेको असमानता हटाइ तलब समायोजन गरी एकरुपता र समयसामयिक बनाइनेछ।

७६. बुंङ्गल नगरपालिकाको नगर प्रोफाइल निर्माण गरिनेछ।

७७. मेलमिलाप केन्द्रको सुदृढीकरण गरिनेछ। वडा भित्रका विवादहरु मेलमिलाप कर्ताबाट नै निरुपण गर्ने व्यवस्था गरिनेछ।

७८. नगरपालिकाको स्विकृत संगठन संरचना बमोजिमनै कर्मचारीहरु कायम राखिनेछ र कर्मचारीको कार्यसम्पादन तथा कार्य प्रगतिका आधारमा पुरुस्कृत तथा दण्डित गरिने कार्यमा जोड दिइनेछ।

७९. नगरपालिकामा डिजिटल नागरिक वडापत्र र सवै वडा कार्यालयहरुमा नागरिक वडा पत्र राख्ने व्यवस्था मिलाइने छ।

८०. बजेट कार्यान्वयनको अख्तियारी प्राप्त पश्चात मंसीर मसान्त भित्र विस्तृत योजना, लागत स्टमेट तयार गरी योजना सम्झौता गर्ने र बैशाख मसान्त भित्रमा योजना सम्पन्न गरी आर्थिक वर्षको जेठ महिना भित्र भुक्तानी गर्ने गरी वार्षिक योजना तयार गरी अनिवार्य लागू गरिनेछ । बेरुजु न्यूनिकरणका लागि आ.ले.प. शाखालाई व्यवव्थित गरिनेछ।

८१. समयमै गुणस्तरियुक्त काम सक्ने निर्माण व्यवसायी, सबैभन्दा बढी कर तिर्ने करदाता, उत्कृष्ट विद्यालय, उत्कृष्ट कर्मचारी उत्कृष्ट सहकारी तथा सामाजिक संस्था र बुंङ्गल नगरपालिकाको विकासका लागि विशेष योगदान दिने व्यक्तित्वहरुलाई प्रोत्साहन स्वरुप सम्मान गर्ने परिपाटिको थालनी गरिनेछ।

८२. नगरपालिकामा GOMIS प्रणाली लागू गरिनेछ।

८३. नगरपालिका क्षेत्र भित्र टेलीफोनका टावरहरु निर्माण गर्न पहल गरिनेछ। स्थानीय सामुदायिक एफ.एम. तथा अनलाइन मिडियाहरुबाट जनचेतनामूलक कार्यक्रमहरु आवश्यकताको आधारमा प्रसारण गरी नागरिकलाई जानकारी गराइनेछ।

८४. नगरपालिका क्षेत्र भित्र रहेका संवेदनशील सार्वजनिक स्थानहरुको पहिचान गरी सिसिटिभि क्यामेरा जडान गरिनेछ। नगरक्षेत्र भित्र रहेका

सम्पूर्ण वडा कार्यालयहरु, माध्यामिक विद्यालयहरु तथा स्वास्थ्य चौकीहरुमा इ-हाजिरी जडान गर्न विशेष प्राथमिकता दिइनेछ।

८५. आन्तरिक राजश्व वृद्धि गर्न राजश्वका सम्भावनाका क्षेत्रहरुको खोजी गरिनेछ। करको दर र दायरालाई फराकिलो बनाउन नगरपालिकाका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण व्यवसायीहरु नगरपालिकामा दर्ता गर्नुपर्ने व्यवस्थालाइ कडाइका साथ लागू गरिने छ।

८६. २०७६ साल भन्दा अगाडीका अफलाइन दर्ता गरिएका व्यक्तिगत घटना दर्ताहरुलाई अनलाईन डिजिटाइजेशन गराइनेछ । प्रत्येक वर्षको श्रवण महिना देखि भाद्र मसान्त सम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नविकरणका लागि छिटो, छरितो र सहजीकरणका लागि IRES Device उपकरणको उपलब्धता गराइनेछ ।

८७. प्रत्येक वर्ष बैशाख १ गते देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धि जनसमुदायमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गराइनेछ ।

८८. राष्ट्रिय परिचयपत्र दर्ता आवेदन गरेका लाभग्राहिहरुलाई सहजिकरणका लागि जिल्ला प्रशासन कार्यालयको सहजिकरणमा बुङ्गल नगरपालिकामा राष्ट्रिय परिचयपत्र कार्ड वितरणका साथै दर्ता आवेदन सम्बन्धि नीति लिइनेछ । व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्बन्धि थप जानकारीका लागि स्थानीय पञ्जिकाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गराइनेछ ।

८९. महिला, बालबालिका तथा जेष्ठ नागरिक अपाङ्गता लक्षित कार्यक्रम संचालन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशिकण नीति लिईनेछ ।विभिन्न संघसस्थाहरु सगँ सहकार्य गरेर कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. लैङ्गिक तथा महिला हिंसा बालविवाह छाउपडी प्रथा जस्ता सामाजिक कुरितिहरु प्रति शून्य सहनशिलताको नीति अवलम्वन गरी सबै वडा बस्ती र गाँउ तहमा सामाजिक अभियानका साथै महिलाको लागि आर्थिक सामाजिक सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

९१. महिला हिंसा पिडितका लागि न्याय उपचार र राहत सहयोग गर्नका लागि महिला हिंसा निवारण कोषलाई निरन्तरता दिइने छ ।

९२. महिलाहरुलाई सार्बजनिक सेवामा प्रवेशका लागि क्षमता विकास तथा अन्य चेतना मुलक कार्यक्रम सञ्चालनमा सहभागि गरिने छ ।

९३. बालविवाह अन्त्यका लागी रणनैतिक कार्ययोजना २०८३ तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

९४. किशोरकिशोरीहरुलाई आत्म रक्षाका निम्ति विद्यालय स्तरीय आत्मरक्षा तालिम सञ्चालन गरिनेछ। नगरपालिकामा एक जना बाल कल्याण अधिकारीको व्यवस्था गरिनेछ । आगामी आ.ब. देखी नगरपालिकामा बाल कल्याणकोषको स्थापना गरिनेछ।

९५. न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन इजलास खडा गरीनेछ । मेलमिलाप केन्द्रको सुदृढीकरण मार्फत अदालत जाने सामान्य प्रकृतिका मुद्धाहरु स्थानीय स्तरमै समाधान गरी कम खर्चिलो र न्ययालयको बोझ घटाइनेछ।

९६. स्थानिय निकायलाई सक्षम बनाउदै न्यायिक सहजताको सफल कार्यान्वयनका लागि न्यायिक समितिद्वारा कानुनी सचेतना अभिबृद्ध गरिने छ ।

९७. प्रत्येक वडाहरुमा जेष्ठनागरिक कल्वहरु गठन गरिनेछ।

९८. जेष्ठ नागरिकको अनुभवको उपयोग गर्दै उहाँहरुको मर्यादित जीवनका लागी परिचय पत्र वितरण अभियान तथा जेष्ठनागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।

९९. अपाङ्गता भएका व्यक्तिहरुको मर्यादित र सम्मानित जीवन यापनका लागि अपाङ्गता भएका व्यक्तिको पहिचान गर्न सिविर सञ्चालन गरि परिचय पत्र वितरण गरिनेछ।

१००. नगरपालिका भित्रका सबै नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाको पहुच पुऱ्याउनका लागि स्वास्थ्य सेवासँग सम्बन्धित आधारभूत मापदण्ड पुरा गरिनेछ।

१०१. महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन भत्ता एकद्वार प्रणलीद्वारा ब्यबस्था गरिनेछ ।

१०२. विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य सेवा प्रदान गर्न बुङ्गल नगरपालिकाको वडा नं ४ मा अवस्थित १५ सैंया नगर अस्पतालको निर्माणकार्य सम्पन्न गरी सञ्चलनमा ल्याइनेछ र विशेषज्ञ सेवा सुचारु गरिने छ ।

१०३. असहाय, अपाङ्ग, अतिविपन्न, दीर्घरोगी तथा स्वास्थ्य समस्याबाट पिडित व्यक्त्तिहरुका लागि आर्थिक सहायता तथा उद्धार कार्यहरु गरिनेछ। दिर्घ रोगीहरुलाई उपचार खर्च दिने कार्यलाई निरन्तरता गरिनेछ ।

१०४. महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्ने कार्य सम्पन्न गरिनेछ ।

१०५. स्वास्थ्य बिमा कार्यक्रमलाई अनिवार्य र प्रभावकारी बनाउनका लागि नगरपालिकाको लगानीमा आगामी आ.ब. भित्र सबै नागरिकको स्वास्थ्य विमा गरिनेछ भने आगामी दुइ वर्ष भित्र यसै नगरपालिका भित्र स्वास्थ्य वीमाको पहिलो सेवा विन्दु भएको अस्पताल स्थापना गरिनेछ।

१०६. विद्यालय स्वास्थ्य पोषण योजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ र पोषण मैत्री स्थानीय सरकारको प्रतिबद्धता पूरा गर्न तथा सबै

वडाहरुमा पोषणमैत्री वडा पोषणका सुचकहरु पुरा गर्न उन्मुख गरिनेछ।

१०७. जेष्ठनागरिक स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम स्वस्थ व्यक्तिको स्वास्थ्य रक्षा गर्नुका साथै आयुर्वेदको मूल उदेश्य पुरा गर्न जेष्ठ नागरिकहरुलाई रसायन औषधी जस्तै अस्वागन्धा, पूर्ण शिलाजित, आमलक्की चुर्ण, चेवनप्रास जस्ता रसायन औषधी वितरण गर्ने खालका कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गरिने छ।

१०८. स्वास्थ्यकर्मीहरुलाई आधारभुत कम्प्युटर सिप सिकाई कम्प्युटर ईन्टरनेटको व्यवस्थापन गरी सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा डिजिटल रेकर्डिङ रिपोर्टिङ्ग गरिने छ ।

१०९. स्वास्थ्य संस्था तथा बढी भिडभाड हुने सार्वजनिक स्थानहरुमा स्तनपान कक्ष स्थापना गरिनेछ।

११०. प्रत्येक वडामा आधारभूत पशु स्वास्थ्य सेवा उपलब्ध गराइने छ। खोप कार्यक्रमलाई नियमित, व्यवस्थित र प्रभावकारी बनाइने।

१११. पशुपालनलाई व्यवसायिक बनाउन अनुदान तथा प्राविधिक सहयोग प्रदान गरिने। पशु रोग नियन्त्रणका लागि पूर्वतयारी तथा द्रुत प्रतिक्रिया प्रणाली विकास गरिने।

११२. स्थानीय जातका पशु संरक्षण तथा उन्नत जातको प्रवर्द्धन गरिने छ।

११३. पशु आहार तथा पोषण सुधार कार्यक्रम अन्तर्गत घाँस खेती प्रवर्द्धन र पोषिलो दाना उत्पादन तथा प्रयोगमा प्रोत्साहन गरिनेछ ।

११४. "प्राविधिक, रोजगारमूलक र गुणस्तरीय शिक्षाः बुङ्गल नगरको समुन्नतिको आधार" भन्ने दीर्घकालीन सोचका साथ आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नीति तथा कार्यक्रमहरू अवलम्बन गरिनेछ :

११५. प्रविधिमैत्री शिक्षाः बुङ्गल नगरपालिका भित्रका १४ ओटै माध्यमिक विद्यालयहरूमा उच्च गतिको इन्टरनेट विस्तार गरी 'स्मार्ट क्लासरुम'

को अवधारणा अनुसार सूचना प्रविधिको प्रयोगलाई शिक्षण सिकाइको अभिन्न अङ्ग बनाइनेछ।

११६. बालविकास केन्द्र सुधारः प्रारम्भिक बालविकास केन्द्र (ECD) का सहजकर्ताहरूको क्षमता अभिवृद्धि गरिनुका साथै बालबालिकाको सर्वाङ्गीण विकासका लागि "खेलकुद र सङ्गीत सहितको सिकाई" कार्यक्रम सञ्चालन गरिनेछ।

११७. नगर शिक्षा योजनाको कार्यान्वयनः नगरपालिकाद्वारा स्वीकृत नगर शिक्षा योजनालाई कार्यान्वयन गर्दै विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक वातावरणमा व्यापक सुधार ल्याइनेछ।

११८. विद्यालय समायोजन र दरबन्दी मिलानः विद्यार्थी सङ्ख्या र भौगोलिक अवस्थितिका आधारमा विद्यालय समायोजन (Merging) र शिक्षक दरबन्दी मिलान कार्यलाई वैज्ञानिक ढङ्गले सम्पन्न गरिनेछ।

११९. नगर शिक्षक र स्वयंसेवक परिचालनः दरबन्दी न्यून भएका र विद्यार्थी संख्या उच्च भएका विद्यालयहरूमा 'नगर स्वयंसेवक शिक्षक' परिचालन गर्ने कार्यको सुरुवात गर्दै शिक्षण सिकाइलाई प्रभावकारी बनाइनेछ।

१२०. स्थानीय उत्पादनमा आधारित दिवा खाजाः "घरको खाना, विद्यालयको पढाइ" अभियान अन्तर्गत जङ्क फुडलाई पूर्ण रूपमा निषेध गरी स्थानीय उत्पादन (कोदो, फापर, गहुँ, सिमी, भटमास, गहत, मकै जस्ता स्थानीय उत्पादन) मा आधारित पोषणयुक्त दिवा खाजा कार्यक्रमलाई अनिवार्य गरिनेछ।

१२१. नमूना विद्यालय विकासः बुङ्गल नगरपालिकाका मापदण्ड पूरा गरेका प्रति वडा १ विदेयालयका हिसाबले 'नमूना विद्यालय' घोषणा गर्दै भौतिक र शैक्षिक रूपमा सम्पन्न बनाउन विशेष प्याकेजको व्यवस्था गरिनेछ।

१२२. अभिभावक-विद्यालय साझेदारीः "हाम्रो विद्यालय, राम्रो विद्यालय" भन्ने भावना जगाउन अभिभावक र स्थानीय समुदायको सक्रिय सहभागितामा 'सामुदायिक विद्यालय पुनर्जागरण अभियान' सञ्चालन गरिनेछ।

१२३. शिक्षक तालिम र क्षमता वृद्धिः आधुनिक शिक्षण विधि, मनोपरामर्श र डिजिटल साक्षरता सम्बन्धी शिक्षक पेशागत सहयोग कार्यक्रम (TPD), शिक्षक मेन्टरिङ कस्टमाइज्ड तालिम लाई प्रभावकारी बनाइनेछ।

१२४. नगर छात्रवृत्ति कोषः जेहेन्दार, दलित, अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न विद्यार्थीहरूका लागि उच्च शिक्षा र प्राविधिक शिक्षा अध्ययन गर्न 'बुङ्गल नगर छात्रवृत्ति कोष' को स्थापना र सञ्चालन गरिनेछ।

१२५. पुरस्कार तथा उत्प्रेरणाः उत्कृष्ट नतिजा ल्याउने विद्यालय, परिश्रमी शिक्षक र प्रतिभाशाली विद्यार्थीहरूलाई वार्षिक रूपमा 'नगर शिक्षा पदक' बाट सम्मानित गरिनेछ।

१२६. अन्तर-विद्यालय अनुभव साटासाटः शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयहरूबीच असल अभ्यासको आदानप्रदान गर्न अन्तर विद्यालय भ्रमण र अन्तर-संवाद कार्यक्रम सञ्चालन गरिनेछ।

१२७. संस्थागत विद्यालय नियमनः निजी तथा संस्थागत विद्यालयहरूले पालना गर्नुपर्ने मापदण्ड र छात्रवृत्ति सम्बन्धी व्यवस्थाको कडाइका साथ अनुगमन गरिनेछ।

१२८. विपन्न लक्षित सहयोगः दलित समुदाय र आर्थिक रुपमा विपन्न समुदायका बालबालिकाहरूलाई विद्यालय भर्ना र टिकाउ दर बढाउन निःशुल्क शैक्षिक सामग्री र विद्यालय पोशाक वितरण गरिनेछ।

१२९. किशोरी आत्मरक्षा र स्वच्छताः माध्यमिक तहका किशोरीहरूका लागि 'आत्मरक्षा तालिम' र 'महिनावारी स्वच्छता' सम्बन्धी सचेतना दिँदै सबै विद्यालयमा स्यानिटरी प्याड भेन्डिङ मेसिन र डिस्पोजलको व्यवस्था मिलाइनेछ।

१३०. पुस्तकालय र ई-लाइब्रेरीः नगरबासी र विद्यार्थीहरूमा अध्ययन संस्कृतिको विकास गर्न नगर स्तरमा एक अत्याधुनिक सार्वजनिक पुस्तकालय र सामुदायिक विद्यालयहरूमा ई-लाइब्रेरी स्थापना गरिनेछ।

१३१. राष्ट्रपति रनिङ शिल्ड र खेलकुदः युवाहरूको प्रतिभा पहिचानका लागि राष्ट्रपति रनिङ शिल्ड र 'मेयर कप' खेलकुद प्रतियोगितालाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गरिनेछ।

१३२. प्रतिभा पहिचान तथा प्रशिक्षणः खेलकुद र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट देखिएका विद्यार्थीहरूलाई जिल्ला र राष्ट्रिय स्तरसम्म पुग्न विशेष प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

१३३. शैक्षिक पात्रो र नियमनः शैक्षिक सत्रको सुरुमै 'नगर शैक्षिक पात्रो' निर्माण गरी सोही बमोजिम पठनपाठन र बिदाको व्यवस्थापन गरिनेछ।

१३४. प्राविधिक शिक्षामा जोडः बुङ्गल नगरपालिकामा सञ्चालित प्राविधिक धारको विद्यालयको सुदृढीकरण गर्दै कम्प्युटर इन्जिनियरिङ विषयमा विद्यार्थीहरूको आकर्षण बढाउन विशेष अनुदानको व्यवस्था गरिनेछ।

१३५. प्राविधिक उच्च शिक्षामा सहुलियतः बुङ्गलका अति विपन्न तर जेहेन्दार विद्यार्थीहरूलाई एम.बी.बी.एस (MBBS), इन्जिनियरिङ र पाइलट जस्ता प्राविधिक विषय अध्ययन गर्न 'नगर प्रमुख उच्च शिक्षा सहुलियत ऋण' वा विशेष अनुदानको व्यवस्था गरिनेछ।

१३६. एक विद्यालय, एक बगैंचा (School Kitchen Garden): विद्यालयको हाताभित्र करेसाबारी निर्माण गरी विद्यार्थीहरूलाई कृषि कार्यमा प्रयोगात्मक ज्ञान दिनुका साथै सोही उत्पादनलाई दिवा खाजामा प्रयोग गर्ने नीति लिइनेछ।

१३७. भाषा र संस्कृति संरक्षणः बुङ्गल क्षेत्रमा बोलिने स्थानीय भाषा, लोक संस्कृति र देउडा जस्ता मौलिक परम्परालाई स्थानीय पाठ्यक्रममा

समावेश गरी "स्थानीय पाठ्यक्रम हाम्रो बुङ्गल" को कार्यान्वयनलाई प्रभावकारी बनाउन पाठ्यपुस्तक निर्माण गरि कार्यान्वयन गरिनेछ।

१३८. डिजिटल हाजिरी र अनुगमनः विद्यालयमा शिक्षक र विद्यार्थीको नियमितता सुनिश्चित गर्न सबै विद्यालयमा 'डिजिटल हाजिरी' अनिवार्य गरिनुका साथै मोबाइल एपमार्फत विद्यालयको शैक्षिक प्रगतिको अनुगमन गरिनेछ। बुङ्गल नगरपालिकाका पहिलो चरणमा १४ वटा माध्यमिक विद्यालयमा दोस्रो चरणमा १३ ओटा निम्न माध्यमिक विद्यालय र तस्रो चरणमा सबै विद्यालयमा अनलाइनमा आधारित नगरपालिकाले हेर्न सक्ने गरि इ हाजिरी जडान गरिने छ ।

१३९. विशेष शिक्षा (Special Education): अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयुक्त भौतिक संरचना (Ramp/Toilet) निर्माण गरिनुका साथै दृष्टिविहीन वा सुस्तश्रवण भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन भएका विद्यालयमा जाने वातावरण निर्माण गरिनेछ ।

१४०. श्रम र सीपको सम्मानः विद्यालयस्तरबाटै श्रमप्रति सम्मान गर्ने बानी बसाल्न विद्यार्थीहरूलाई महिनाको एक दिन 'सामुदायिक सेवा वा श्रमदान' मा सहभागी गराइनेछ।

१४१. खेलकुद पूर्वाधार विकासः नगरका प्रत्येक वडामा कम्तीमा एक व्यवस्थित खेल मैदान र नगरस्तरमा एक कभर्ड हल निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१४२. स्व-रोजगारी लक्षित सीपः कक्षा १० पछि विद्यालय छोड्ने युवाहरूलाई लक्षित गरी छोटो अवधिको प्लम्बिङ, इलेक्ट्रिसियन, र कुक जस्ता सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाइनेछ।

१४३. मानसिक स्वास्थ्य र परामर्शः किशोरकिशोरीहरूमा बढ्दै गएको मानसिक तनाव र कुलत (लागुऔषध) विरुद्ध लड्न विद्यालयहरूमा नियमित 'मनोपरामर्श सेवा' उपलब्ध गराइनेछ।

१४४. प्रतिभा खोज (Bungal's Got Talent): खेलकुद बाहेक गायन, नृत्य, वक्तृत्व कला र साहित्यमा रुचि भएका युवाहरूको पहिचानका लागि नगरस्तरीय 'प्रतिभा खोज' कार्यक्रम आयोजना गरिनेछ।

१४५. एकीकृत नगरस्तरीय परीक्षा प्रणाली: आधारभूत तह (कक्षा ५ र ८) को सिकाइ उपलब्धिमा एकरूपता ल्याउन नगरस्तरीय साझा प्रश्नपत्र निर्माण गरी 'केन्द्रीय एकीकृत परीक्षा प्रणाली' लागू गरिनेछ र उत्तरपुस्तिकाको सङ्केतीकरण (Coding) गरी निष्पक्ष मूल्याङ्कन गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।

१४६. निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS): कक्षा १ देखि ३ सम्म बालबालिकाको दैनिक उपस्थिति, अनुशासन, र रचनात्मक क्रियाकलापका आधारमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली' लाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

१४७. सिकाइ उपलब्धिमा आधारित अनुदान: विद्यालयको वार्षिक नतिजा र विद्यार्थीको औसत सिकाइ उपलब्धिको सूचकका आधारमा विद्यालयहरूलाई 'नतिजामुखी प्रोत्साहन अनुदान (Performance Based Funding) उपलब्ध गराइनेछ।

१४८. विषयगत शिक्षक सञ्जाल (Subject Committees): गणित, विज्ञान र अङ्ग्रेजी जस्ता कठिन मानिने विषयहरूको गुणस्तर सुधार्न नगरभरिका विषय शिक्षकहरूको नगर विषयगत समिति' गठन गरी शिक्षण सामग्री र विधिहरूमा सुधार गरिनेछ।

१४९. 'अभिभावक पाठशाला' कार्यक्रम: बालबालिकाको पढाइमा घरको वातावरण सुधार गर्न र अभिभावकको जिम्मेवारी बोध गराउन प्रत्येक महिनाको एक दिन विद्यालयमा 'अभिभावक शिक्षा' कार्यक्रम सञ्चालन गरी बाल मनोविज्ञान र पोषण सम्बन्धी तालिम दिइनेछ।

१५०. त्रैमासिक प्रगति समीक्षा बैठकः प्रत्येक तीन-तीन महिनामा शिक्षक, विद्यार्थी र अभिभावकबीच प्रत्यक्ष अन्तरक्रिया गराई विद्यार्थीको कमजोरी पहिचान गर्ने र सुधारको योजना बनाउने 'प्रगति समीक्षा दिवस' (Report Card Day) अनिवार्य गरिनेछ।

१५१. प्रधानाध्यापक सँग कार्यसम्पादन सम्झौताः शैक्षिक गुणस्तर वृद्धि गर्न नगरपालिका र विद्यालयका प्रधानाध्यापकबीच वार्षिक 'कार्यसम्पादन सम्झौता गरिनेछ, जसमा शैक्षिक सुधारका स्पष्ट लक्ष्य र सूचकहरू निर्धारण गरिनेछ।

१५२. उपचारात्मक शिक्षण (Remedial Classes): परीक्षामा कमजोर नतिजा ल्याउने वा सिक्ने क्षमता ढिलो भएका विद्यार्थीहरूका लागि विद्यालय समय अगाडि वा पछाडि विद्यालयमै 'विशेष उपचारात्मक कक्षा सञ्चालन गरिनेछ।

१५३. नियमित विद्यालय सुपरिवेक्षण र अनुगमनः नगरपालिकाका शिक्षा अधिकृत र विज्ञहरूको टोलीद्वारा विद्यालयहरूको आकस्मिक र नियमित 'शैक्षिक अडिट' (Educational Audit) गरिनेछ, जसले कक्षाकोठाको शिक्षण क्रियाकलाप र विद्यालय प्रशासनको पारदर्शिता जाँच गर्नेछ।

१५४. "शिक्षकद्वारा शिक्षकको विकास" (Peer Coaching) कार्यक्रमः रोष्टर शिक्षकहरू मार्फत नगरका अन्य शिक्षकहरूको कक्षाकोठामा नै पुगेर शिक्षण विधिको अवलोकन गर्ने र रचनात्मक सुझाव दिने 'पियर कोचिङ' प्रणाली लागू गरिनेछ। यसले तालिम केन्द्रमा सिकेको सीपलाई वास्तविक कक्षाकोठामा उतार्न (Transfer of Training) पुलको काम गर्नेछ।

१५५. डिजिटल रोष्टर र भर्चुअल कक्षा सञ्चालनः रोष्टर शिक्षकहरूले तयार पारेका उत्कृष्ट श्रव्य-दृश्य (Audio-Visual) पाठहरूलाई एकीकृत गरी 'डिजिटल टिचिङ बैंक' बनाइनेछ। विषयगत शिक्षक अभाव भएका दुर्गम

विद्यालयहरूमा यी रोष्टर शिक्षकहरू मार्फत समय-समयमा 'भर्चुअल कक्षा' सञ्चालन गरी सिकाइको असमानता हटाइनेछ।

१५६. रोष्टर शिक्षकहरूको क्षमता सुदृढीकरणः रोष्टरमा सूचीकृत शिक्षकहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ख्यातिप्राप्त शिक्षण संस्थाहरूसँग समन्वय गरी 'Specialized Training of Trainers' (ToT) तालिम प्रदान गरिनेछ, ताकि उनीहरूले नयाँ प्रविधि र अनुसन्धानमा आधारित शिक्षण पद्धतिलाई नगरको तल्लो तहसम्म विस्तार गर्न सकून्।

१५७. नगर पालिका भरिका सम्पूर्ण वडाहरुमा जातीय भेदभाव तथा छुवाछुत न्युनीकरण गरिनेछ । दलित समुदायको परम्परागत पेशालाई आधुनिकीकरण गरी व्यबसायीकीकरण गर्न विभिन्न कार्यक्रमहरु जस्तै पञ्चेबाजा, आरन व्यवसाय, सिलाई कटाईका साथै एस.इ.इ. परीक्षा दिने दलित बिधार्थी बालबालिकाहरुलाई तीन महिना ट्युसन कक्षा सञ्चालन गरिने ।

१५८. अन्तमा प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव र सहयोग प्रदान गर्ने नगरकार्यपालिकाका सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चार कर्मी, बुद्धिजीवि नागरिक समाज, गैर सरकारी संस्था, उद्योग व्यवसायी लगायत नगरबासी सम्पूर्ण दिदी वहिनी, दाजुभाइ प्रति हा्दिक आभार प्रकट गर्दछु । कुनै पनि काम गर्न कुनै एक्लो व्यक्त्ति वा संस्थाको प्रयासले मात्र प्रयाप्त हुदैन तशर्थ प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट साथ, सहयोग, समन्वय र सहकार्य हुने विश्वास व्यक्त गर्दै विदा हुन्छु । धन्यवाद् नमस्कार ।